# सहकारी शिक्षा

**विद्यार्थी सफलताको पहलकदमीबाट, ओन्टारियो माध्यमिक विद्यालयहरुले विद्यार्थीहरुको व्यक्तिगत सिकाईका शैली र ईच्छाहरु पूरा गर्न विभिन्न कार्यक्रमका प्रस्तावहरु पेश गरेका छन् । यस्ता कार्यक्रमहरुले विद्यार्थीहरुलाई उनीहरुको हाई स्कूलको विभिन्न नयाँ र आधुनिक सिकाईका विकल्पहरु बटुल्न अनुभवमा सहयोग गर्दछ । यस्ता विकल्पहरुमा दोहोरो मान्यता, विशेष उच्च सीप मेजरहरु र सहकारी शिक्षा समावेश गरिएका छन् ।**

**यस्ता कार्यक्रमहरुले सम्पूर्ण विद्यार्थीहरुलाई सिकाई र ग्राजुएशन र त्यसपछिका तयारीहरुमा संलग्न गरि, उनीहरुको आवश्यकता, ईच्छा र सबल पक्षहरु पूरा गर्न सहयोग गर्दछ ।**

## सहकारी शिक्षा (को-अप) के हो ?

- सहकारी शिक्षा मन्त्रालयको स्विकृतीप्राप्त कार्यक्रम हो जसले विद्यार्थीहरुलाई रोजगारीको अवसरका साथै माध्यमिक विद्यालयको मान्यता प्राप्त गर्न सहयोग गर्दछ । कार्यक्रममा सहकारी शिक्षा शिक्षकको अनुगमनमा सहकारी शिक्षा समावेश गरिएको हुन्छ, जुन रोजगारीको व्यवस्था सहित कुनै विषयसँग सम्बन्धित पाठ्यक्रम हुनसक्छ ।
- अनिवार्य हाई स्कूल ग्राजुएशनको आवश्यकताहरुतिर अघि बढिरहेका विद्यार्थीहरुले असीमित ऐच्छिक सहकारी मान्यता प्राप्त गर्न, दुई सहकारी शिक्षा मान्यताका लागि आवेदन दिन सक्नेछन् । सहकारी शिक्षाको पदपूर्ती र व्यवस्था विद्यार्थीहरुकै माध्यमिक विद्यालयहरुले गर्ने छन् र उनीहरुले शिक्षा मन्त्रालयको नीति र निर्देशिकाको परिपालना गर्नु पर्नेछ ।

## यो कसका लागि हो ?

- सहकारी शिक्षा कार्यक्रमहरु शिक्षार्थी, कलेज, विश्वविद्यालय वा काम खोजीरहेका माध्यमिक तहका विद्यार्थीहरुका लागि तयार पारिएको हो ।

## सहकारी शिक्षाका मुख्य फाईदाहरु

सहकारी शिक्षाका विद्यार्थीहरुले निम्नानुसारका अवसरहरु पाउनेछन्:

- सिकाईसँगै अनुभव
- "परिक्षणकालीन" पेशाको विकल्प
- उनीहरुको कक्षाकोठाको सिकाईको प्रासंगिकता
- रोजगार वा कामसँगै शैक्षिक मान्यता प्राप्त गर्ने अवसर
- रोजगारका लागि आवश्यक महत्वपूर्ण सीप र व्यवहारहरुको विकास गर्न
- माध्यमिक कार्यक्रमहरुपछि र भविष्यमा रोजगारका लागि व्यक्तिगत विवरण बनाउन कामको बहुमुल्य अनुभव आर्जन गर्नुहोस्।

## सहकारी शिक्षा कार्यक्रमहरु कहाँ उपलब्ध छन् ? मैले यसबारे अझै धैरै कसरी थाहा पाउन सक्छु ?

- सम्पूर्ण ओन्टारियो विद्यालय बोर्डहरुमा सहकारी शिक्षाका कार्यक्रमहरु उपलब्ध छन् । थप जानकारीका लागि तपाईंको विद्यालयका प्रधानाध्यापक वा तपाईंको विद्यालय बोर्डको विद्यार्थी सफलताको नेतृत्वसँग सम्पर्क गर्नुहोला । सहकारी शिक्षाबारे थप जानकारी पाउनका लागि: **www.ontario.ca/studentsuccess.**

ISBN 978-1-4606-1222-4 (PDF) (Nepali) © क्विन्स् प्रिन्टर फर ओन्टारिओ, 2013



Ontario